"लोकतन्त्र, स्वतन्त्रता र व्यवसायीकतामा समर्पित, आवाज बिहीनहरुको आवाज"

# लमजुङ आवाज

साप्ताहिक

*Lamjung Aawaz Weekly*

हाम्रा समस्त ग्राहक वर्गमा सुख शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

स्कूल, क्याम्पसका ड्रेस, सर्टिङ, सुटिङ, विवाह लगायत विभिन्न उत्सवका लागि चाहिने कपडा, कुर्ता सलवार तथा अन्य घरायसी काममा प्रयोग हुने कपडा सुपथ मूल्यमा हामी उपलब्ध गराउँछौं ।

प्रो. भगवान पिया

**पिया सपिङ्ग सेण्टर**

भीमसेनस्थान, बेसीशहर, (पिया मेडिकल हलसगै)

फोनः ०६६-५२०५२०

वर्ष १८ | अंक १० | २०८० जेठ ९ गते मंगलबार (May 23, 2023) | पृष्ठ संख्या ६ | मूल्य रु.१०/-

# गोरखाबाट लमजुङ हुँदै मनाङ जोड्ने बौद्ध हिमाल-हिमालचुली ट्रेल निर्माण हुने

बेसीशहर । लमजुङ र गोरखा जिल्लाका विश्वविख्यात पर्यटन मार्ग समेटेर नयाँ पदयात्रा मार्ग बनाउन सरोकारवालाहरु सहमत भएका छन् ।

विश्वविख्यात अन्नपूर्ण र मनासुलु पदयात्रा मार्गसमेतलाइ छुने गरी गोरखाको भच्चेकबाट लमजुङ हुँदै र मनाङको धारापानी जोड्ने नयाँ पदयात्रा मार्ग बनाउन यी पदयात्रा मार्गमा पर्ने लमजुङ र गोरखाका स्थानीय निकाय तथा ट्रेकिङ एजेन्सीज् एसोसिएसन अफ नेपाल (टान) तयार भएका हुन् ।

यस सम्बन्धमभा लमजुङको दोर्दी गाउँपालिकामा बुधवार सरोकारवाला निकायकाबीच छलफल भएको थियो । लमजुङको दोर्दी गाउँपालिका, दूधपोखरी गाउँपालिका, मर्स्याङदी गाउँपालिका, गोरखाको अजिरकोट गाउँपालिका र पर्वतीय पर्यटन ब्यवसायीको छाता सङ्गठन ट्रेकिङ एजेन्सीज् एसोसिएसन अफ नेपाल (टान) बीच छलफल भइ बौद्ध हिमाल-हिमालचुली ग्रेट लेक सर्किट ट्रेल निर्माणमा सहमति जुटेको दोर्दी गाउँपालिकाका अध्यक्ष युवराज घिमिरेले जानकारी दिए ।

अध्यक्ष अधिकारीका अनुसार अब बन्ने नयाँ पदमार्गभित्र अजिरकोट, नागेपोखरी, दूधपोखरी, लिपे लेक, मेमे पोखरी, बराहपोखरी, ठूलागीताललगायतका प्राकृतिक तथा सांस्कृतिक क्षेत्र समेटिने छन् ।

नयाँ पदयात्रा मार्ग निर्माणका सम्बन्धमा यी स्थानीय निकाय र टानकाबीच सम्झौतापत्रमा हस्ताक्षर समेत भएको छ । सम्झौता पत्रमा दोर्दी गाउँपालिकाका अध्यक्ष युवराज अधिकारी, दूधपोखरी गाउँपालिकाका अध्यक्ष धनप्रसाद गुरुङ, मर्स्याङदी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ, गोरखाको अजिरकोट गाउँपालिकाका अध्यक्ष दीपक देवकोटा र टानका अध्यक्ष निलहरि बास्तोलाले हस्ताक्षर गरेका छन् ।

सम्झौता अनुसार उक्त पदयात्रा मार्ग गोरखाको अजिरकोट गाउँपालिकाको भच्चेकबाट शुरु भइ रुविनालन पास हुँदै लमजुङको



दूधपोखरी र दोर्दी गाउँपालिकाको नेटाँचे-उखण्ड-मेमेपोखरी-बराहपोखरी-मनाङको ठूलागी ताल हुँदै धारापानीमा पुगेर अन्नपूर्ण पदयात्रा मार्गसंग जोडिने छ ।

योसंगै स्थानीय शाखा पदयात्रा मार्ग बनाउन सकिने क्षेत्रहरुको अध्ययन गरी डिपिअर बनाउने र प्रचार (बाँकी पृष्ठ ३ मा)

**सम्पूर्ण ग्राहकहरूमा हार्दिक स्वागत गर्दछौं ।**

लमजुङ जिल्लामै पहिलो पटक नेपालको पहिलाअन्तराष्ट्रिय हलमार्क्ड एवं मान्यताप्राप्त तिसा ज्वेलर्स एण्ड डाइमण्डसंगको सम्बद्धतामा हिराका विभिन्न प्रकारका गहनाहरु विक्री शुरु गरिएको जानकारी गराउँछौं ।

- नेपालको पहिलो अन्तराष्ट्रिय हलमार्क्ड एवं मान्यताप्राप्त ज्वेलर्ससंगको सम्बद्धतामा हिराका विभिन्न प्रकारका गहनाहरु
- कम्प्युटर तौलमा मेसिन कटिङ गरिएका तयारी तथा अर्डर अनुसारका आधुनिक एवं परम्परागत गरगहना पाइने ।
- प्रत्येक गहनामा पसलको ग्यारेन्टी छाप लगाई ग्यारेन्टी विल दिइने ।
- पुराना गहनाहरुसंग नयाँ गहना साट्न पाइने ।
- राशी अनुसारका अन्य किसिमका पत्थरहरु पाइने ।





"तपाइँको सन्तुष्टि नै हाम्रो लक्ष्य हो ।"

प्रो. बमबहादुर विश्वकर्मा

सुरज विश्वकर्मा

**जय लक्ष्मी सुनचाँदी पसल**

बेसीशहर-२, भीमसेन टोल, लमजुङ

हामीकहाँ राशी अनुसारको रत्न जडित औंठी पनि बनाईन्छ ।

# सुन्दरबजार नगरपालिकाले गरेको एकबर्षको प्रगति सार्वजनिक

सुन्दरबजार । सुन्दरवजार नगरपालिकाले एक वर्ष भरि गरेको कामको वारेमा जानकारी गराएको छ । नगरपालिकाले एक वर्ष पुरा भएको अवसरमा आफूले वर्षभरि गरेको कामको बारेमा पत्रकार सम्मेलन मार्फत आइतवार जानकारी दिएको हो ।

कार्यक्रममा नगर प्रमुख कृष्ण प्रसाद कोइरालाले आय आर्जनको हिसावले, उत्पादन र विकासको हिसावले अन्य पालिका भन्दा पथक तवरले काम गरिरहेको बताए । शिक्षा, स्वास्थ्यमा देखिने गरि काम गरिरहेको र यस आर्थिक वर्षमा ८०० मिटर सडक कालोपत्रे गरिएको, ५०० मिटर सडक ढलान गरिएको, ५ किलोमिटर ग्रावेल गरिएको, ३ किलो मिटर पक्की नाली निमार्ण गरिएको जानकारी दिए । सुन्दरवजार नगरपालिका भित्र पहाडी लोक मार्ग बाहेक १८ किलोमिटर पक्की सडक, एक सय किलो मिटर सडकको ग्रावेल गरिएको र एक सय किलोमिटर कच्ची सडक रहेको उनले सो अवसरमा जानकारी दिए ।

आफूले चुनाव ताका गरेको प्रतिवद्धता मुताबिक काम गरिरहेको भन्दै नगर प्रमुख कोइरालाले दुरा जाति र दलित जातिमा स्वरोजगार बनाउन २ सय जनालाई ब्यवसायिक मौरी पालन, बाख्रा पालन र वंगुरपालनमा सहायोग गरिरहेको जानकारी दिए । मृगौला, क्यान्सर, पक्षघात लगायतका ४८ जना बिरामीलाई मासिक ५ हजार रूपैया दिइरहेको, जेठ ३ गते पालिकालाई पूर्ण खोप सुनियोश्चितता दिगोपना घोषणा गरिएको र स्वास्थ्य तर्फ भौतिक प्रगती ८५ प्रतिशत, वित्तीय प्रगती निसर्त तर्फ ८४ प्रतिशत र सशर्त तर्फ ८२ प्रतिशत काम भएको पत्रकार सम्मेलनमा कोइरालाले जानकारी दिए ।

नगरपालिकाले छोरी जन्मेमा प्रति बालिका दुई हजार वैक खातामा हालिदिने कार्यको यसैबर्षबाट थालनी गरेको र हालसम्म २७ जना बालिकाको रकम जम्मा गरिएको सो अवसरमा उनले बताए । सुरक्षित प्रसुति गराउनेलाई एम्बुलेन्स खर्च २८ जनालाई प्रतिब्यक्ति २ हजार रूपैयाँ दिइएको, वडा नं- १ लाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको कोइरालाले जानकारी दिए ।

नगरमा भौतिक पूर्वाधारतर्फ नगरस्तरीय र वडास्तरीय २२० वटा योजना रहेकोमा उपभोक्ता समिति मार्फत संचालित हालसम्म १८० वटा योजना सम्झौता भई ८७ वटा योजनाको भुक्तानी भएइसकेको र ८३ वटा योजनाको काम जारी रहेकाले भुक्तानीको प्रक्रियामा रहेको उनले बताए । लागत साझेदारीमा आन्तरिक सडक पिच तथा(बाँकी पृष्ठ ३ मा)

**लमजुङ आवाज साप्ताहिक**

**प्रकाशक/प्रधान सम्पादकः कल्पना शर्मा दनाई**
**कार्यकारी सम्पादकः मिलन शर्मा दनाईं**
**प्रमुख समाचारदाताः सरिता थापा घिमिरे**
**समाचारदाताहरूः**
**रमेशचन्द्र घिमिरे - (मध्यनेपाल)**
**केशवप्रसाद अधिकारी (सुन्दरबजार)**
**मनाङ ब्युरो प्रमुख (नवीन लामिछाने**
**कार्यालयः शेराबजार, बेसीशहर फोनः ०६६-५२०००२**
URL: www.lamjungnews.com
**इमेल**:milanshar@gmail.com,
lmjaawaj@gmail.com
**कम्प्युटरः लमजुङ आवाज डेस्कटप**
**मुद्रणः जनप्रेमी अफसेट प्रेस, बेसीशहर, फोनः ५२०२२७**

## प्रकाशकीय........

## अब त सडक बनोस्

उत्तरी लमजुङका बासीन्दाले डुम्रे-बेसीशहर-चामेसडक अन्तर्गत बेसीशहर खुदी खण्डको काम छिटो छरितो र गुणस्तरीय बनाउन माग राख्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापपत्र दिए । बेसीशहर चामे सडक सरोकार तथा समन्वय समितिले सोमबार जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीलाइ ज्ञापनपत्र बुझायो। समितिले चालु आर्थिक बर्षको असार मसान्तसम्म सडक कालोपत्रे गरिसक्नु पर्ने सम्झौता भए पनि सडकको ठेक्का पाएको निर्माण कम्पनीले अहिलेसम्म नाला निर्माण, कटिङ वाल र सववेस राख्ने काम समेत नसकेको भन्दै प्रशासनको ध्यानाकर्षण गराएको छ । समितिले खुदीबजारमा मर्स्याङदी गाउँपालिकाले सडक विस्तारका लागि १५ दिने सूचना प्रकाशित गरी प्राविधिक नापजाँच सम्पन्न गरी रेखांकन गरिसके पनि ठेकेदार कम्पनीले सडक निर्माणको काम शुरु नै नगएको भन्दै असन्तुष्टि जनाएको छ । बजारक्षेत्रको सडकको दुवैतर्फ सडकको मापदण्ड अनुसार नाला निर्माणका लागि समितिले जोड दिएको छ । सरोकार समितिका अध्यक्ष सहित पदाधिकारी, सदस्यहरू र सरोकारवालाहरू ज्ञापन पत्र बोकेर प्रमुख जिल्ला अधिकारीकहाँ आइपुगेका थिए । बर्षैदेखि सडकको दुरावस्थाका कारण दुःख झेल्न बाध्य लमजुङको उत्तरी क्षेत्रका बासीन्दालाई बेसीशहरबाट खुदी सम्मको सडक कालोपत्रे हुने आशाले कम्ती खुशी दिएको छैन । तर निर्धारित समयमा सडकको स्तरोन्नतिको काम सम्पन्न हुने छाँटकाँट नदेखिँदा दवावका लागि उनीहरू ज्ञापन पत्र बोकेर आउन बाध्य भए । डुम्रे बेसीशहर चामे सडकको लमजुङ खण्डको अवस्था नाजुक छ । कालोपत्रे भएको सडक पनि साँघुरो हुनाले दुर्घटनाका भय छ । बेसीशहर भन्दा माथिको सडक बर्षौदेखि स्तरोन्नति हुन सकेको छैन । बेसीशहरबाट मनाङ सदरमुकाम चामे र माथिल्लो मनाङको खाङसारसम्म जोड्ने यो सडकको दुरावस्थाको वयान गरिसाध्य छैन । बेसीशहरदेखि माथिको सडक बनेको पनि तीन दशक पुग्न लागिसक्यो । यो अवधिमा मर्स्याङदीमा कति पानी बह्यो, यसको लेखाजोखा छैन । तर यो सडकले अझै पनि काँचुली फेर्न सकेको छैन । द्वन्द्वका बेला नेपाली सेनाले मनाङको चामेसम्मको ट्र्याक खोलेकोमा त्यसपछि सामान्य मर्मत र केही खोलाहरूमा पुल बानाउनु बाहेक सडक विभागले ठूलो काम केही गर्न सकेको छैन । सडक बर्षायाममा मात्रै होइन, हिउँदमा पनि अबरूद्ध हुन्छ । विभिन्न ठाउँमा पहिरोले दुख दिने गर्छ । सडकको डील भत्केका छन् । सडक उवडखावड भएकै कारण अझै पनि मनाङ सदरमुकामसम्म बस चल्न सक्दैन । यस्तो दुरावस्थाका बीच पनि उत्तरी लमजुङ र मनाङका बासीन्दा चुप लागेर एक न एक दिन त सडक राम्रो होला कि भनेर बसेका छन् । तर सरकारलाइ सडक बनोस नबनोस मतलब छैन । केही काम गरेजस्तो देखाउन केही करोड बजेट पठाएर सबै काम भएको स्वांग पारिरहने सरकारलाई अब झकझकाउनै पर्छ । तीस बर्षमा संसार कहाँबाट कहाँ पुगिसक्यो, हाम्रोमा भने तीस बर्ष अघि खनेको सडक अझै त्यस्तै हुनु दुर्भाग्य हो, सरकारले अबचाहिँ छल नगरोस्, सडक बनोस् ।

## ट्रेड युनियन...

शिक्षक संघका जिल्ला सचिव राजीव पण्डितले साथीहरुले अधिवेशनको विरोध भन्दा पनि प्रक्रियागत कमजोरीका विषयमा आवाज उठाएका बताए । उनले भने- अधिवेशनमा आवद्ध संस्थाहरुबाट सदस्य संख्याका आधारमा जिल्ला अधिवेशनमा प्रतिनिधि जानु पर्ने प्रावधान रहेको र शिक्षक संघ सबै भन्दा धेरै सदस्य रहेको संस्था भएकाले संस्थागत छलफल गरी प्रतिनिधि चयन हुन नसकेकाले विरोध आएको बताए ।

लमजुङमा विगत ७ बर्षदेखि ट्रेड युनियन कांग्रेसको जिल्ला अधिवेशन हुन सकेको छैन । पछिल्लो पटक बाबुराम पौडेल अध्यक्ष भएपछि उनले जिल्ला अधिवेशन नगराउँदा लमजुङमा ट्रेड युनियन कांग्रेस निष्क्रिय छ । नेपाल ट्रेड युनियन कांग्रेस लमजुङमा नेपाल शिक्षक संघ, नेपाल स्वास्थ्यकर्मी संघ, नेपाल प्रेस युनियन, नेपाल नाइ संघलगायत विभिन्न ६ वटा संस्था आवद्ध छन् ।

नेपाल ट्रेड युनियन कांग्रेसमा २५ जना सम्म सदस्य हुने संस्थाबाट १ जना र २६ देखि माथि प्रत्येक २५ जनामा थप १ जना प्रतिनिधि चयन हुने ब्यवस्था छ ।

# कांग्रेस रूपान्तरणका लागि विशेष महाधिवेशन



♦ सुदर्शन आचार्य

विरासतबाट 'लोकतान्त्रिक आवरण' निःशुल्क पाएको मात्र नभई नेपालको राजनीतिको सधैँ केन्द्रभागमा रहँदै आएको नेपाली कांग्रेस पछिल्ला घटनाक्रमपछि भने 'कुहिरोको काग' बनेको छ । कांग्रेसलाई यतिवेला 'कुहिरोको काग' बनाइदिने घटनाक्रम हुन्- उपनिर्वाचनको परिणाम र नक्कली भुटानी शरणार्थी प्रकरण । त्यसो त सभापति शेरबहादुर देउवाको कार्यकाल मुलुक र प्रजातन्त्रसँगै कांग्रेसको आन्तरिक जीवनका लागि पनि 'फलदायी' हुन सकेन ।

इतिहासका कालखण्डमा ठूला आन्दोलन तथा परिवर्तनको नेतृत्वसमेत सफलतापूर्वक गर्दै आएको कांग्रेस आज आफ्नै अस्तित्वको खोजीमा छ । कहिल्यै पुरानो नहुने 'लोकतन्त्र, राष्ट्रियता र समाजवाद'को सिद्धान्त बोकेको तथा गौरवपूर्ण इतिहाससँगै सामाजिक न्यायको झन्डा उठाउँदै आएको कांग्रेस अहिले आमनिर्वाचन परिणामको समीक्षासमेत गर्न नसक्ने अवस्थामा पुगेको छ ।

विरासतबाट प्राप्त 'गाथा' गाएर मात्र भविष्य निर्माण सम्भव छैन । पुरानो भएकै कारण बहुमूल्य हुने भनेको 'मूर्ति र थाङ्का' मात्रै हो । यतिवेला कांग्रेसजस्तो जेठो पार्टीले जनताबीच आफूलाई टिकाइराख्न 'युवा मनोविज्ञान'लाई आत्मसात् गर्न जरूरी छ । त्यसका लागि सामाजिक न्याय, समानता, विकास र समृद्धिको झन्डा भरपर्दो तवरले उठाउन जरूरी छ । तर, कांग्रेस भने यतिवेला आफैँ बेथितिको 'हेडक्वार्टर' बन्न पुगेको छ ।

महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मालगायत संस्थापनइतर समूहमाथि संस्थापन पक्षको 'बलमिच्याइँ' उत्कर्षमा पुगेको छ । न हिजो आफैँसँग पराजित डा. शेखर कोइरालालाई 'वरिष्ठ नेता' बनाएका छन् देउवाले, न त आज आफ्नै टिमबाट महामन्त्री लडेका प्रदीप पौडेललाई मन्त्री नै ! पार्टीमा मन परेकालाई 'प्रकाशशरण' र मन नपरेकालाई 'प्रदीप' बनाइन्छ भन्ने 'मनोविज्ञान' स्थापित गराइएको छ । त्यति मात्र नभई 'नक्कली भुटानी शरणार्थी प्रकरण'को छानबिनमा तानिएका केन्द्रीय सदस्य बालकृष्ण खाणलाई सके निलम्बन गरेर कांग्रेस सुशासनको पक्षमा छ भन्ने सन्देश दिऊँ, त्यो पनि नभए खाणजीबाटै 'राजीनामा' लिएर पब्लिकमा पार्टीको 'फेससेभ' गरौँ भन्ने महामन्त्रीद्वयको धारणामा समेत पदाधिकारी बैठक एकमतमा पुग्न सकेन । यस घटनाले कांग्रेसलाई 'नराम्रो क्षति' पुऱ्याउने निश्चित छ ।

कांग्रेस संस्थापन पक्ष यथास्थितिमै रमाइरहेको छ भने संस्थापनइतर पक्षका नेता कोइरालाले पार्टीको आन्तरिक जीवनबारे मुख खोलेका छैनन् । उता कोइराला समूहकै महामन्त्री थापा तथा अर्का महामन्त्री शर्मा यतिवेला दरिलो रुपमा जनताको आवाज मुखरित गर्न नसके 'कांग्रेस र आफू' एकसाथ समाप्त हुने निष्कर्षमा पुगेका छन् । जुन कुराको छनक महामन्त्री थापाले 'भ्रष्टाचारविरूद्धको अभियान र नक्कली शरणार्थी प्रकरणबारेको धारणा' शीर्षकमा जारी 'स्टेटमेन्ट'बाटै सहज अनुमान लगाउन सकिन्छ ।

बालकोट पुगेर प्रधानमन्त्री पद 'हात पार्न' सफल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई बालकोटबाट फिर्ता ल्याएर 'राष्ट्रिय तथा सत्ता राजनीति'को केन्द्रभागमा आफ्नो पार्टीको उपस्थिति जनाउन सक्षम कांग्रेसका लागि अबको साढे चार वर्ष जनताको पक्षमा काम गर्ने हो भने यो 'स्वर्णिम समय' हो । तर, आफू पनि गर्न नसक्ने र गर्न सक्नेलाई पनि दिनै नचाहने 'दीर्घरोग'ले आज कांग्रेस ग्रसित छ । तसर्थ, कांग्रेसका लागि आफू सच्चिन तयार नहुने हो भने उसका 'शुभदिन' समाप्त भएको निष्कर्ष निकाल्नुपर्ने हुन्छ।

कांग्रेस रूपान्तरणको बाटो : जनताको अपेक्षाअनुसार आर्थिक विकास, समाजिक रूपान्तरण र सुशासनको प्रत्याभूति दिएरै जनतामा स्थापित भइराख्ने हो भने कांग्रेसको नेतृत्व परिवर्तन अवश्यंभावी छ । आजको नेतृत्वले समयको वेग बुझ्नै सकेन र सक्दैन पनि । सही ढंगले पार्टी चलाउन त देउवा सक्षम भएनन् नै, पार्टीलाई 'विधि, विधान र पद्धति'मा चलाउन दबाब दिन संस्थापनइतर पनि 'काबिल' भएन । जसका कारण पार्टीले 'दिन दुईगुणा, रात चौगुणा' क्षति ब्यहोरिरहेको छ ।

बेथितिको विषय पनि यति उत्कर्षमा छ कि निर्वाचनमा टिकट वितरणका लागि संसदीय समितिसमेत बन्न सकेन ! महाधिवेशन सम्पन्न भएको ६ महिनाभित्र गठन गर्ने भनिएका विभाग गठन हुन सकेनन् । संगठन निर्माणका लागि 'राजनीतिको नर्सरी' मानिँदै आएका नेपाल विद्यार्थी संघ, नेपाल महिला संघ, नेपाल तरूण दलजस्ता संगठनले आफ्नो 'राष्ट्रिय महाधिवेशन' देख्नै

नपाएको दशक बित्न लागिसक्यो । 'टिका-टालो' गरेर पनि जनस्तरमा पटक्कै प्रभाव छाड्न नसक्नेलाई छानी-छानी ल्याइएको छ । यस्तो बेथिति हुँदा पनि संस्थापनइतर पक्ष भने फड्के किनाराको साक्षी मात्र भएर बसेको छ ! बेथितिका यस्ता दर्जन उदाहरण प्रस्तुत गर्न सकिन्छ ।

हालै सम्पन्न उपनिर्वाचनमा ब्यहोर्नुपरेको पराजय र नक्कली शरणार्थी प्रकरणयता कांग्रेस बोल्नै नसक्ने अवस्थामा पुगेको छ । कांग्रेसभित्रको इतर समूहभित्रको पनि इतर समूह 'गगन-विश्व-प्रदीप'हरुले बल्ल विद्रोहको भाषा बोल्न थालेका छन् । उनीहरुको विद्रोहको भाषाकै कारण पनि कांग्रेस कार्यकर्तामा एक प्रकारको 'आशा सञ्चार' भएको पाइन्छ ।

विद्रोहको भाषा बोल्दा मात्रै पनि आशाको सञ्चार हुने टिठ लाग्दो अवस्थामा पुऱ्याइएको विषयमा पार्टीको संस्थापन पक्ष एक शब्द पनि बोल्न तयार छैन । अब कांग्रेस सच्चिनका लागि ऊ चारवटा बाटामा जानैपर्ने देखिन्छ । कांग्रेससामु रहेको पहिलो बाटो हो- सभापति शेरबहादुर देउवा स्वयं आफैँले 'विशेष महाधिवेशन' आह्वान गरेर नेतृत्व हस्तान्तरण गर्ने ।

दोस्रो बाटो हो- संसदीय दलका नेताबाट समेत बाहिरिएर 'सर्वसम्मत वा स्वस्थ प्रतिस्पर्धा' गराई दलको नेता चयन गर्ने । तेस्रो बाटो हो- सरकारमा पठाएका मन्त्री फिर्ता बोलाएर 'टेस्टेड' नभएका ब्यक्तिलाई सरकारमा पठाउने र अन्तिम बाटो हो- 'सरकार र पार्टी' हेर्न एक-एक महामन्त्रीलाई जिम्मेवारी तोक्ने । कांग्रेसले अझै क्षति नब्यहोरेसम्म कांग्रेस सभापति देउवाबाट आजका मितिमा यी चारवटै बाटा अवलम्बन हुने सम्भावना देखिँदैन । तर, कांग्रेस रूपान्तरणका लागि भने यी बाटाहरु नै अनिवार्य सर्त हुन् ।

कांग्रेसभित्र मजबुत रुपमा दुई धार देखिँदै आएकामा संस्थापनइतर धारभित्र पनि मजबुत दोस्रो धार निर्माण हुने सम्भावना देखिन्छ । संस्थापन धारमा भने एकले अर्कालाई नटेरे पनि बाहिरै विभाजनको बाछिटा देखिने गरी फुट देखिएको छैन । तर, संस्थापनइतर धारमा भने कालान्तरमा कोइराला एकातिर र 'गगन, विश्व, प्रदीप' अर्कातिर हुने सम्भावना टड्कारो देखिँदै छ । पार्टी सच्याउन कथं युवाले पार्टीलाई विशेष महाधिवेशनको तहसम्म पुऱ्याउन सके भने पनि सत्तरी वर्ष उमेर हद लगाएर युवा नेताले आफूहरुलाई पन्छाइदिने 'खतरा' दखेका छन् सत्तरी कटेकाले । त्यही कारण सत्तरी कटेका नेताहरु रामचन्द्र पौडेलकै लाइनमा लागेर 'जो हात सो साथ'कै पक्षमा पुग्ने सम्भावना छ । तर, यसरी मात्र चल्यो भने २०८४ को निर्वाचमसम्म पुग्दा कांग्रेस 'कार्यकर्ताविहीन'को अवस्थामा पुग्नेछ ।

पार्टीभित्रको एउटा सानो समूह 'विद्रोहको झन्डा' बोकेर गाउँ लागिसक्यो । देउवाको 'बलमिच्याइँ' र कोइरालाको 'साथ' नपाए पार्टीभित्रको 'गगन, विश्व, प्रदीप'को अर्को धार पनि अझै ठूलो स्केलको 'विद्रोहको झन्डा' बोकेर देश दौडाहामा निस्किने दिन टाढा छैन । किनकि, आफूलाई अप्ठ्यारो पर्दा अधिक झुक्ने र स्वार्थ पूरा भएपश्चात् ढोका नै बन्द गराइदिने 'देउवाको बानी' अब गगन-विश्वले चाल नपाउने कुरै भएन । हुन त, कांग्रेस चुकेको आज आएर होइन, देउवाको विकल्प खोज्नका निम्ति तयार नभएर जब रामचन्द्र पौडेल, विमलेन्द्र निधि, प्रकाशमान सिंह र कृष्णप्रसाद सिटौलाले तिनै देउवासामु आफूलाई समर्पण गरे, त्यहीँबाट (बाँकी पृष्ठ ३ मा)

## कांग्रेस रूपान्तरण....

कांग्रेसको ओरालो यात्रा प्रारम्भ भयो । अहिले आएर बन्द कोठाभित्र चुकचुकाउनुको अर्थ छैन ।

सभापतिमा झन्डै ४० प्रतिशत मत ल्याएका कोइरालाले पनि बिस्तारै 'गगन-विश्व'लाई भन्दा देउवालाई नै प्रिय ठान्दै आएको देखिन्छ । प्रचण्ड सरकारलाई विश्वासको मत पनि देउवाकै सल्लाहमा कोइराला समूहले दिन पुग्दा उक्त समूहभित्र 'गगन' कमजोर देखिन पुगे । तथापि, प्रचण्ड सरकारलाई विश्वासको मत मात्र 'गगन'हरुले दिएनन्, उल्टै आवश्यकताभन्दा ज्यादा 'प्रचण्ड सरकार'को पैरवीसमेत गर्न पुगे ।

त्यहींनेर देउवाले महामन्त्रीद्वयलाई 'एक्सपोज' गराइदिए । जसका कारण 'पार्टी र सरकार' दुवैले गरेका अलोकप्रिय कामको भारी आजका मितिमा महामन्त्रीद्वयलाई महँगो पर्दै आएको छ । समग्रमा खासगरी कांग्रेस आज यस्तो मोडमा पुगेको छ, जहाँ उसले आफूलाई जीवन्त राख्न 'ठोस निर्णय' लिनैपर्ने हुन्छ । त्यो ठोस निर्णय भनेको कांग्रेसको विशेष महाधिवेशन नै हो । यतिवेला पर्खनै नसक्ने गरी कांग्रेसका प्रौढ नेतालाई धेरै पछाडि छाडेर समयको वेग निकै अगाडि पुगिसक्यो । अब कांग्रेसको वेगको नेतृत्व 'उमेर र विचार'ले युवा ठानिएकाबाट मात्र सम्भव छ । जसका निम्ति 'हस्तक्षेपकारी' भूमिका देखाउन कांग्रेसभित्रका गगन, विश्व र प्रदीप मात्र होइन, एनपी साउद, नैनसिंह महर र राजीव ढुंगानाहरुसमेत तयार नहुने हो भने कांग्रेसलाई 'वैकल्पिक राजनीतिक शक्ति'ले निष्प्रभावी बनाइदिने निश्चित छ । नयाँपत्रिकाबाट

## लमजुङ जिल्लाका अत्यावश्यक टेलिफोन नम्बरहरु

| | |
|---|---|
| **एम्बुलेन्सहरू** | |
| जिल्ला अस्पताल लमजुङ | ०६६-५२०१८३, ९८६४३८९०३४ |
| लमजुङ मोडेल अस्पताल | ०६६५२०००४ |
| उदीपुर स्वास्थ्य चौकी | ९८४६९००६२० |
| खुदी एम्बुलेन्स | ९८६४३८९२६६ |
| अर्चलबोट एम्बुलेन्स | ९८४६९९५७२४ |
| दोर्दी एम्बुलेन्स | ९८६६०८७३९१ |
| गौंडा प्राथामिक स्वास्थ्य केन्द्र | ९८६६०२२८६१ |
| स्व. सानु नूरनिधि पाण्डे स्मृति संस्था | ९८६६०८७३९१ |
| सामुदायिक भोटेओडार | ९८४६१२८४३६ |
| उपल्लो दोर्दी एम्बुलेन्स | ९८६४३८९०६५ |
| चक्रतीर्थ एम्बुलेन्स | ९८६६०२६०३० |
| राइनास मोहोरिया एम्बुलेन्स | ९८६६०९९२०० |
| सहोदर अस्पताल | ९८२६१६४७१४ |
| कर्मदा अस्पताल | ९८५६०४६३३८ |
| इन्द्रराज डोलकुमारी स्मृति संस्था | ९८२९११९३८० |
| कडरिया प्रतिष्ठान | ९८५६०४६५२० |
| ग्रामीण विकास | ९८४६९९५२९० |
| **अस्पताल** | |
| लमजुङ जिल्ला अस्पताल | ०६६-५२०१८३, ५२०४५२ |
| नमूना सामुदायिक अस्पताल सुन्दरबजार | ०६६-४०२१२३, ४०२१२४ |
| लमजुङ मोडेल अस्ताल, बेसीशहर | ०६६-५२०००४ |
| **सरकारी कार्यालय** | |
| लमजुङ जिल्ला अदालत | ०६६-५२०१९५ |
| जिल्ला प्रशासन कार्यालय, लमजुङ | ०६६-५२०१३३, ५२०१३४ |
| जिल्ला समन्वय समिति, लमजुङ | ०६६-५२०१४४, ५२०१४३, ५२०२८१ |
| जिल्ला प्रहरी कार्यालय, लमजुङ | ०६६-५२०१९९, ५२०१९८, |
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला निर्वाचन कार्यालय | ०६६-५२०१३२ |
| जिल्ला स्वास्थ्य कार्यालय, लमजुङ | ०६६-५२०११९ |
| कृषि ज्ञान केन्द्र | ०६६-५२०१३० |
| भेटेरीनरी अस्पताल | ०६६-५२०१३१ |
| शिक्षा समन्वय इकाइ | ०६६-५२०१०५, ५२०४३० |
| मालपोत कार्यालय | ०६६-५२०२०१ |
| घरेलु तथा साना उद्योग विकास समिति | ०६६-५२०२०२ |
| **विद्युत/टेलिकम** | |
| लमजुङ विद्युत उपभोक्ता संस्था | ०६६-५२०१७७, ५२०४२५ |
| नेपाल विद्युत प्राधिकरण उदीपुर सबस्टेशन | ०६६-५२०३७७ |
| नेपाल टेलिकम, लमजुङ | ०६६-५२०१११, ५२०११२, ५२०५०० |
| **बस/माइक्रो काउण्टर** | |
| पृथ्वी राजमार्ग बस सञ्चालक समिति | ०६६-५२०१७१ |
| लमजुङ कालिका यातायात संञ्चालक समिति | ०६६-५२०३७०, ९८५६०४५००२ (मनाँगे चौतारा) |
| **सञ्चारमाध्यम** | |
| लमजुङ आवाज साप्ताहिक | ०६६-५२०००२ |
| रेडियो लमजुङ | ०६६-५२०८११, ८१२, ८१३ |
| रेडियो मर्स्याङदी | ०६६- ५२००२०, ५२०५४७ |
| रेडियो चौतारी | ०६६-५२११८३, ५२११८५ |
| रेडियो भोटेओडार | ०६६-४००१६१, ४००१६२ |

## गोरखाबाट....

प्रसारको कामसमेत तुरुन्तै शुरु गर्ने सम्झौतापत्रमा उल्लेख गरिएको छ । पालिकाहरुले पालिकाका विभिन्न स्थानबाट उक्त पदयात्रा मार्गलाइ छुने गरी शाखा पदयात्रा बनाउन सक्नेछन् ।

सम्झौताअनुसार नयाँ पदमार्ग निर्माणका लागि प्रत्येक स्थानीय तहले आवश्यक वजेट विनियोजन गर्ने छन् भने त्यसको प्राविधिक तथा प्रवर्द्धनात्मक कार्यको संयोजनको जिम्मेवारी टानलाइ दिइएको छ ।

विगत चार दशकदेखि वर्षदेखि पर्वतीय पर्यटनको प्रबर्द्धनमा काम गर्दै आएको टानले यसअघि धादिङको रूविभ्याली तथा गोरखाका चुमभ्यालीको नयाँ पदमार्गको खोजी र प्रवर्द्धनको काम गरेको थियो ।

टानले अब गोरखा, लमजुङ र मनाङका प्राकृतिक, धार्मिक सांस्कृतिक सम्पदासहितको नयाँ पदमार्गको प्रोफाइल तयार गरी त्यसको विकासका लागि योजना तथा डिपिआर तयार गर्ने र पदमार्गको प्रवर्द्धनका लागि वृत्तचित्र, ब्रोसर, र पदयात्रा नक्सा तयार गर्ने छ । यसका लागि ३८ लाख रुपैयाँ लाग्ने र चारवटै पालिका र टानले यसका लागि लगानी गर्ने सहमति भएको छ ।

उक्त पदयात्रा मार्ग निर्माणका लागि लमजुङको दोर्दी गाउँपालिकाका अध्यक्ष युवराज अधिकारीको संयोजकत्वमा समन्वय समिति समेत बुधवार गठन गरिएको छ । समितिका सदस्यहरुमा मर्स्याङदी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ, अजिरकोट गाउँपालिकाका अध्यक्ष दीपक देवकोटा, दूधपोखरी गाउँपालिकाका अध्यक्ष धनप्रसाद गुरुङ, टानका द्वितीय उपाध्यक्ष धनप्रसाद गुरुङ रहेका छन् ।

सम्झौता पश्चात दोर्दी गाउँपालिकाका अध्यक्ष अधिकारीले टानसँगको समन्वयनमा लमजुङ तथा गोरखाका उत्तरी गाउँपालिकासँग सहकार्य गरेर तत्काल काम सुरू गरिने जानकारी दिए । उनले पदमार्ग पूर्वाधार विकासका लागि प्रदेश तथा केन्द्रीय सरकारसँग समेत हातेमालो गरेर अगाडि बढ्ने प्रतिबद्धता ब्यक्त गर्दै नयाँ बन्ने पदयात्रा मार्गले लमजुङ, गोरखा र मनाङ जिल्लाको पर्यटन प्रबर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने र स्थानीयको आय आर्जनमा समेत टेवा पुग्ने विश्वास ब्यक्त गरे ।

लमजुङको मस्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले पदयात्रा मार्गहरुमा मोटर चल्न थालेपछि पदयात्रा मार्गहरु कम हुँदै गएको सन्दर्भमा नयाँ पदयात्रा मार्गको काम अघि बढ्नु खुशीको कुरा भएको बताए । उनले भने- '२८ दिनको अन्नपूर्ण पदयात्रा मार्ग मोटरबाटोले ७ दिनमा झरेको छ, जसका कारण घुम्न आउने विदेशी पर्यटकको समेत बसाइ घट्दा सिंगो पर्यटन ब्यवसाय नै प्रभावमा परेको छ । यो नयाँ पदयात्रा मार्ग बन्यो भने यसले पर्यटकहरुको बसाइ लम्बिने र यस क्षेत्रको पर्यटन पुनः पुरानै लयमा फर्कन सक्छ।'

## भ्रष्टाचारीलाई....

ढलानका लागि ६ वटा योजना रहेका र ती योजनाको सम्झौता गर्ने अन्तिम मिति यही जेठ १० गतेसम्म तोकिएको र भुक्तानीका लागि अन्तिम म्याद असार १० गतेसम्म तोकिएको उनले बताए ।

नगरप्रमुख कोइरालाका अनुसार शिक्षा तर्फ स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयन भइरहेको, नगर शिक्षा समिति विस्तार भएको, विद्यालय ब्यवस्थापन समिति गठन सम्बन्धी निर्देशिका पारित गरी लागु भएको र सोको आधारमा विद्यालय ब्यवस्थापन समितिहरु गठन भइरहेका छन् । कक्षा १ देखि ३ का प्रति विद्यार्थी १ वटा मूल्याङ्कन पुस्तिका छपाई वितरण गरिएको, राष्ट्पति रनिङ शील्ड प्रतियोगिता ब्यवस्थित ढङ्ले सञ्चालन गरिएको, क्लष्टरमा आधारित प्रतिभा पहिचान कार्यक्रम सम्पन्न भएको छ ।

त्यस्तै, कृषि र पशुपालनतर्फ नगरपालिकालाई आत्मनिर्भर बनाउनेतर्फ काम भइरहेको, आकस्मिक बाली संरक्षण, कृषकहरूलाई स्थलगत तालिम, कुनै वडा बाख्रापालन, कतै मौरी पकेटक्षेत्र जस्ता कार्यक्रम सञ्चालन गरिएको, उत्पादन हुने महको ब्राण्डिङ र लेवलिङको काम भइरहेको, जसको लागि सिलिङ आइरन मेशिन वितरण भएको पालिकाले जनाएको छ ।

यसै विच पालिकाले आर्थिक वर्ष २०७९/०८० मा एक करोड ५४ हजार रूपैया आम्दानी भएको जनाएको छ ।

# ट्रेड युनियनको अधिवेशनमा शिक्षकहरुले उठाए प्रश्न

बेसीशहर । नेपाल ट्रेड युनियन कांग्रेस लमजुङको केहि दिन अघि सम्पन्न सातौं जिल्ला अधिवेशन प्रति नेपाल शिक्षक संघमा आवद्ध विभिन्न शिक्षकहरुले प्रश्न उठाएका छन् । उनीहरुले अधिवेशन नाटकीय र छापामार शैलीमा गरिएको भन्दै उक्त संगठनको मुख्य घटन नेपाल शिक्षक संघका पदाधिकारीहरुलाइ थाहै नदिइ अधिवेशन गरिएको भन्दै पुन अधिवेशन गर्न माग गरेका छन् ।

नेपाल शिक्षक संघ लमजुङका पूर्व अध्यक्ष एवं वर्तमान संघीय परिषद सदस्यद्वय विष्णुहरि बास्तोला र रमाकान्त अधिकारी, जिल्ला उपाध्यक्ष दिनेश चिलुवाललगायत १३ जनाले अधिवेशनप्रति प्रश्न गरेका हुन् ।

उनीहरुले संयुक्त विज्ञप्ती जारी गर्दै एउटै संस्थाभित्रका साथीहरुलाइ अधिवेशनको सूचना नदिइ सिमित ब्यक्तिहरुको स्वार्थका लागि यस्तो कार्य गरिएको भन्दै यस्तो क्रियाकलापले आम पेशाकर्मी शिक्षक र पार्टी पंक्तिमासमेत ठेस पुगेको भन्दै यस किसिमको गुटगत, स्वार्थगत र अबाञ्छित क्रियाकलाप तुरुन्त बन्द गरी सबै वर्ग, समूह र क्षेत्रको सहभागिता हुने गरी पुनः अधिवेशन गराउन माग गरेका छन् ।

गत जेठ ४ गते मंगला मावि सोतीपसलका शिक्षक तीर्थराज तिवारीको नेतृत्वमा नेपाल ट्रेड युनियन कांग्रेस लमजुङको अधिवेशन गरिएको थियो ।



यस सम्बन्धमा हामीले नेपाल शिक्षक संघ लमजुङका अध्यक्ष सुर्यबहादुर केसीलाइ के भएको हो भनि सोधेका थियौं । जवाफमा अध्यक्ष केसीले भने "लमजुङमा विगत ७ बर्षदेखि नेपाल ट्रेड युनियन कांग्रेसका अधिवेशन नभइ संस्था निष्क्रिय अवस्थामा रहेकोमा जिल्ला अधिवेशन सम्पन्न गराउन केन्द्रीय सदस्य दीलबहादुर गुरुङलाइ पठाएको रहेछ । जेठ ५ गते प्रदेश अधिवेशन आयोजना भएको र त्यसभन्दा अगाडि जिल्ला अधिवेशन सक्नै पर्ने भएकाले हतारमा जिल्ला अधिवेशन हुन गएको हो ।"

अध्यक्ष केसीलेका अनुसार केन्द्रीय प्रतिनिधि गुरुङ र प्रदेश अध्यक्ष मुरारी शर्माले अन्तिम समयमा अधिवेशन गर्ने जानकारी गराएका र प्रदेश अधिवेशन अगावै जिल्ला अधिवेशन पुरा गर्नु पर्ने बताए पछि आफूले संघमा छलफल गरेरमात्र टुंगोमा पुग्ने बताउँदा उनीहरुले शिक्षक संघलाइ बाहिरै राखेर अबद्ध अन्य संस्थाहरुको सहभागितामा जिल्ला अधिवेशन सम्पन्न गर्ने बताएपछि शिक्षक संघकै साथीको अध्यक्षतामा अधिवेशन गर्न सहमत हुनु परेको बताए ।

अध्यक्ष केसीले आफूले केन्द्रीय प्रतिनिधि र प्रदेश अध्यक्षलाइ आवद्ध संस्थाहरुको वैठक बसी ५ गतेसम्म पोर्टफोलियो तयार गर्ने र ६ गते अधिवेशन गर्न सल्लाह दिए पनि केन्द्रीय प्रतिनिधिले प्रदेश अधिवेशनका लागि ५ गते नै नवलपुर जानु पर्ने भएकाले नसकिने जवाफ दिएका बताए । उनले हतारमा वैठक बोलाएर छलफल गर्न समय नै नभएकाले छलफल गर्न नसकेको र विरोध नगर्न सम्बद्ध शिक्षक संघका पदाधिकारी र सदस्यहरुलाइ आग्रह गरे ।

नेपाल(बाकी पृष्ठ २ मा)

# स्वतन्त्र पार्टीको लमजुङ काठमाडौं सम्पर्क समाज गठन




बेसीशहर । लमजुङ जिल्लामा स्थायी घर भई हाल काठमाण्डौमा विभिन्न पेशा ब्यवसाय गरी बस्ने युवाहरुको सक्रियतामा काठमाडौंमा राष्ट्रिय स्वतन्त्र पार्टीसम्बद्ध लमजुङ काठमाडौं सम्पर्क मञ्चको गठन भएको छ ।

जन्मथलोलाई हालसम्म आफूले सिकेका शिप, उधम, खोजतलास तथा अनुसन्धान, हाल सम्म भएका उपलब्धी मार्फत सुदृढ, उन्नतिशील तथा विकासको बाटोमा अगाडी बढाउन र दुवै तर्फ भए गरेका असल र परिणाममुखी कार्यहरुलाई आदान प्रदान गर्न लमजुङ्ग काठमाण्डौ सम्पर्क भेला गरिएको बताइएको छ ।

लमजुङ जिल्लाका आठ वटै पालिकाबाट प्रतिनिधित्व हुनेगरी प्रत्येक बाट २/२ जना प्रतिनिधि र सामानुपातिक तथा सामावेशी ३जना गरी भोला शर्माको संयोजकत्वमा सम्पर्क मञ्च गठन भएको हो । मञ्चमा ज्ञानेन्द्र गुरुङ, रामहरि अधिकारी, राम प्रसाद न्यौपाने, नारायण न्यौपाने, भरत राज गौली,रमेश तिवारी , रमा पौडेल सापकोटा, सूर्य बहादर भुजेल, बसन्त मणी पराजुली सदस्य चयन भएका छन् । बाँकी ८ जना सदस्यहरु महिला जनजाती, सिमान्तकृत, अल्पसंख्यक तथा भूगोलको आधारमा पछि थप गरिने छ ।

भेलामा अधिकांश महानुभावहरूले विगतमा आफू कुनै पनि पार्टी तथा पार्टीको भातृ संगठनमा नलागेको र राष्ट्रिय स्वतन्त्र पार्टीले अबलम्वन गरेको निति तथा कार्यक्रमहरु मन परेकाले यस पार्टीमा रही पाटीले अवलम्बन गरेको निति तथा कार्यक्रमहरूलाई कार्यन्वयन गर्ने प्रतिवद्धता ब्यक्त गरेका थिए ।

कार्यक्रममा अर्थविज्ञ तथा तनहुँ क्षेत्र नं १ का सांसद स्वर्णीम वाग्ले, प्रवास नेपाली सम्पर्क विभागका सदस्य पद्‌मराज पन्थी, केन्द्रिय सदस्य डा. प्रभात अधिकारी, राष्ट्रिय स्वतन्त्र पार्टी लमजुङ्गका संयोजक धर्मराज के सी. लगायतको उपस्थिति थियो।

कार्यक्रममा बोल्दै सांसद डा. स्वर्णिम वाग्लेले रा.स्व. पा. र अन्य पार्टीहरूमा भएका फरकहरू चिरफार गर्दै रास्वपामा सम्वन्धित ठाँउको समिति गठन गर्दा प्रारम्भिक निर्वाचनवाट त्यहीका स्थानीयको मतबाट मात्रै निर्वाचित हुने, भातृ संघ संस्थाहरु नरहने, विधानमा लेखिएका कुराहरूलाई अक्षरश पालन गरिने, लगायत, सुशासन, जवाफदेहिता र पारदर्शितामा जोड दिए ।

उनले रास्वपामा आएर राजनीति गर्न चाहानेले राजनीतिलाई पेशा बनाउन नहुनेतर्फ सचेत गराए । उनले राजनीतिसंगै आफू र परिवार पाल्न केही उद्यम गर्न पनि सल्लाह दिए । उनले पेशामा विज्ञता हासिल गरेकाहरूलाई आफूले जानेको कुराहरूलाई देश विकासमा, समाजमा योगदान गर्नका लागि रास्वपा उपयुक्त पार्टी भएको पनि बताए।

कार्यक्रममा बोल्दै केन्द्रिय सदस्य डा प्रभात अधिकारीले रास्वपाको जन्मको पृष्ठभूमि सुनाउँदै देशका लागि केही गरैं भन्ने सोचका साथ विषय विज्ञता हासिल गरेका सक्षम युवाहरूको सक्रियतामा पार्टी स्थापना भएको बताए । उनले रास्वपाले भ्रष्टाचारमा शुन्य सहनशीलता, आर्थिक पारदर्शिताको मूल्य मान्यता अंगिकार गरेको बताए ।

कार्यक्रममा बोल्दै रास्वपाका लमजुङ्ग जिल्ला संयोजक धर्मराज केसीले आफूले प्रतिनिधि सभा सदस्य निर्वाचनमा उत्साहजनक मत पाएको स्मरण गर्दै देश र जनताका हितका लागि आफू राजनीतिमा आएको बताए । उनले आफ्नो दक्षता, पेशा, ब्यवसाय र ज्ञानसीपले आफ्नो जिल्ला लमजुङ्ग र काठमाण्डौमा रहेका लमजुङेहरूलाई जोड्ने पुल बन्न मञ्चका सदस्यहरूलाई आग्रह गरेका थिए ।

# बालमन्दिरमा राजशान्ति शैक्षिक छात्रबृत्ति कोष

बेसीशहर । सुन्दरबजार नगरपालिका ८ भोटेओडार घर भइ हाल बेलायतमा कार्यरत राजकुमार सुनार (राजु) र उनकी श्रीमती शान्तिले आर्थिक अवस्थाका कारण विद्यालय जान बञ्चित बालबालिकाको लागि राजशान्ति शैक्षिक छात्रवृत्ति कोष स्थापना गरेका छन् ।

जेष्ठ नागरिक समाज भोटेओडारद्वारा सञ्चालन हुने गरि सुनार दम्पत्तिले उक्त कोष स्थापना गरेको हो । आर्थिक अवस्था कमजोर भएका कारण विद्यालय जानबाट वञ्चित अपाङ्गता भएका बालबालिकालाई शैक्षिक छात्रवृत्ति उपलब्ध गराइने उद्देश्यले अक्षय कोष स्थापना गरिएको राजकुमार सुनारले बताए ।

सुनारले उक्त कोषका लागि ५० हजार रूपैयाँ जेष्ठ नागरिक समाज भोटेओडारलाई उपलब्ध गराएका छन् । ५० हजार रूपैयाँबाट सुरू गरेको अक्षयकोषलाई आगामी वर्ष बढाउँदै लैजाने सुनारले प्रतिबद्धता जनाएका छन् । उक्त कोषको ब्याजबाट आउने रकमबाट १ जना अपांगता भएका बालबालिकाको पढाईमा सहयोग गर्ने समाजका निमित्त अध्यक्ष नारायण ढकालले बताउनुभयो । उक्त कोषबाट मासिक ५ सय (वार्षिक ६ हजार) रूपैयाँ रकम प्रत्येक वर्ष एकजना अपागंता भएका बालबालिकालाई शैक्षिक छात्रवृत्ति उपलब्ध गराइने छ ।

जेष्ठ नागरिक समाज भोटेओडरले उक्त कोषको शैक्षिक छात्रवृत्ति बेसीशहर नगरपालिका ७ को बाल मन्दिर आधारभुत विद्यालय कक्षा ५ मा अध्ययनरत छात्र बुद्धिबहादुर तामाङलाई दिने निर्णय गरेको छ । तामाङलाई कक्षा १० सम्म पढिञ्जेल मासिक ५ सय रूपैयाँका दरले उपलब्ध गराउने निर्णय गरेको समाजका सल्लाहाकार गोविन्दबहादुर कुँवरले जानकारी दिए ।

तामाङले बेसीशहर नगरपालिकाको ल्याण्डफिल्ड साइटमा खेल्ने क्रममा २०७८ बैशाखमा विद्युतीय तारबाट करेण्ट लागेर तामाङले एउटा हात गुमाएका थिए । करेण्ट लागेर हात गुमाएका बालकले राम्रोसँग उपचार समेत पाउन नसकेको उनको परिवारले बताएको छ । नेपाल विद्युत प्रधिकरणले हालसम्म क्षतिपूर्ति समेत नदिएको र आर्थिक अभावका कारण थप उपचार समेत गर्न नसकेको तामाङका बाबु माइला तामाङले बताए ।

तामाङको परिवार बेसीशहर नगरपालिका ८ को कपुरिश्वर महादेव मन्दिर नजिक मर्स्याङ्दी नदी किनारमा अर्काको जग्गामा टहरो बनाएर ज्याला मजदुरी गरी गुजारा चलाउँदै आएको छ ।

बेलायतमा कार्यरत सुनार दम्पत्तिले आफ्नो परिवारको नाउँमा राजशान्ति फाउण्डेशन स्थापना गरेर सामाजिक काममा सहयोग गर्दै आएको छ । आफ्नो परिवारका सदस्यले कमाएको केही रकम फाण्डेशनमा जम्मा गर्ने र फाउण्डेसनमार्फत स्वदेशमा गाह्रो अप्ठ्यारोमा परेका असाहाय, असक्त ब्यक्तिलाई र सामाजिक कामका लागि सहयोग गदै आएको सुनारले जानकारी दिए ।

## भ्रष्टाचारीलाई....

कदम उठाउने प्रयास गरेको छ । यसमा कत्ति पनि खुट्टा नकमाई दोषीलाई कार्वाही गरोस भन्ने हाम्रो माग छ र नैतिक समर्थन गर्दै सरकारको कदम प्रति ऐक्यवद्धता पनि जाहेर गर्दछौं ।'

सबै देशभक्त, लोकतान्त्रिक प्रेमी नेपालीहरुले झै हामी लमजुङबासी नागरिकहरु देशमा २०४६ साल पछिका भ्रष्टचारका विभिन्न काण्डहरु जुन शक्तिको आडमा पार्टी र पार्टीका नेताले लुकाएर संरक्षण दिई आएका छन्, त्यी सबै काण्डहरुको पनि फाइल खोलियोस, अनुसन्धान गरियोस र दोषीलाई कार्वाहीको घेरा भित्र ल्याइयोस भन्ने पनि हाम्रो जोडदार माग हो । चाहे वाइडवडी होस वा ओमनी वा एनसेल होस चाहे बुढी गण्डकी वा ललिता निवास वा क्यान्टोनमेन्ट नै किन नहोस सबै काण्डहरुको निष्पक्ष अनुसन्धान गरि वास्तविक दोषी पत्ता लगाई कावाही गरियोस । यस्ता अनगिन्ती भ्रष्टाचारका काण्डहरुले नेपाल र नेपाली जनतालाई निर्मम ढङ्गले लुट्ने, ठग्ने वा शोषण गर्ने, विदेशी ऋणमा देश डुवाउने, उद्योग धन्दा वन्दब्यपार सबै डुवाइदिने र घुस, भ्रष्टाचार तथा कमिशनका दलदलमा फसाई दिने, मुल्य वृद्धिको मारले जनतालाई आक्रान्त बनाउने काम गरेर बसेका राजनीतिक दलका नेताहरुलाई अब सरकारले कार्वाही गरेन भने जनताले स्वतः स्फूर्त रूपमा उठेर जनकार्वाही नै गर्ने स्थिति सृजना नहोस भन्ने हामी चाहन्छौं र वर्तमान सरकारले सबै भ्रष्टाचारका काण्डहरुलाई कार्वाहीको दायरा भित्र ल्याओस । त्यसको लागि हाम्रो साथ रहनेछ भन्ने पनि जनकारी गराउन चाहन्छौं विज्ञप्तिमा भनिएको छ ।

साथै यहि २०८० जेष्ठ ८ गते भ्रष्टाचार विरोधी नागरिक अभियान लमजुङले नक्कली भुटानी शरणार्थी सम्वन्धि भ्रष्टाचार तथा देशद्रोही राष्ट्रघाती संगठित अपराधको घटनालाई लिएर बेसीशहरमा विशाल विरोध र्याली तथा सभाको आयोजना गरेको हुँदा उक्त कार्यक्रममा सम्पूर्ण लमजुङबासी बा, ामा, दाजु- भाइ, दिदी- बहिनीहरु, बुद्धिजीवी, ब्यपारी वर्गहरु एवम् विभिन्न संघ संस्थाहरुमा रहनु भएका सम्वद्ध पक्षहरुलाई सहभागी भै दिनु हुनको लागि समेत हार्दिक अनुरोध गर्दछौं विज्ञप्तिमा भनिएको छ । बा आमा, दाजु- भाइ, दिदी- बहिनीहरु, बुद्धिजीवी, ब्यपारी वर्गहरु एवम् विभिन्न संघ संस्थाहरुमा रहनु भएका सम्वद्ध पक्षहरुलाई सहभागी भै दिनु हुनको लागि समेत हार्दिक अनुरोध गर्दछौं विज्ञप्तिमा भनिएको छ ।

सो कार्यक्रममा भ्रष्टाचार विरोधी अभियानका खेमजङ्ग गुरुङ, तेजनारायण अधिकारी लगायतको सहभागीता रहेको थियो ।


## बिषादी कारोबारमा संलग्न महानुभावहरूमा विशेष अनुरोध

- ♦बिषादी ऐन र नियमावली बमोजिम इजाजत पत्र लिएर मात्र बिषादीको कारोबार गर्नुहोस्।
- ♦नियमानुसार इजाजत पत्र/पञ्जिकरण पत्र नविकरण गर्नुहोस् ।
- ♦कारोबार गर्दा पञ्जिकृत बिषादीहरूको मात्र कारोबार गर्नुहोस् ।
- ♦आफ्नो उद्योगमा संलग्न कर्मचारी वा कामदारहरूलाई आवश्यक प्रशिक्षण दिनुहोस् ।
- ♦बिषादी पञ्जिकरण तथा ब्यवस्थापन शाखाले तोकेको मापदण्ड बमोजिम बिषादी पसल तथा उद्योग ब्यवस्थित गर्नुहोस् ।
- ♦पञ्जिकृत, सुरक्षित र प्रभावकारी बिषादीको कारोबारलाई प्राथमिकता दिनुहोस् ।
- ♦बिषादीको सुरक्षित तरिकाले परिवहन र भण्डारण गर्नुहोस् ।
- ♦बिषादी चलाउँदा सुरक्षात्मक पहिरनको अनिवार्य प्रयोग गर्नुहोस्/गराउनुहोस् ।
- ♦पञ्जिकृत नभएका र प्रतिबन्धित बिषादीबारे जानकारी राख्नुहोस् र त्यस्ता बिषादी आयात तथा बिक्री वितरण नगर्नुहोस् ।

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
पोखरा, नेपाल
फोनः ०६१-४६७७३२,४६७७३३

# एमाले लमजुङले ०४९ र ०५४ का जनप्रतिनिधिलाई सम्मान गर्ने




लमजुङ । नेकपा एमाले लमजुङले जेठ १५ गते गणतन्त्र दिवसका अवसरमा २०४९ र २०५४ मा पार्टीबाट निर्वाचित जनप्रतिनिधिलाई सम्मान गर्ने भएको छ ।

नेकपा एमाले लमजुङको शुक्रबार बेसीशहरमा सम्पन्न आठौं पूर्ण बैठकले २०४९ र २०५४ मा एमालेबाट निर्वाचित जनप्रतिनिधिको खोजी गर्दै सम्मान गर्ने निर्णय गरेको हो ।

बैठकले २ महिनासम्म संचालन गरिएको मिसनग्रासरूट अभियानको समीक्षा समेत गरेको छ । लमजुङमा मिसन ग्रासरूट अभियानमामा जिल्लादेखी टोल कमिटीसम्म बैठक, भेला, प्रशिक्षण, जनप्रतिनिधिको भेला, सदस्य नविकरण र नयाँ सदस्यता विस्तार लगायतका कामले जनतासँगको सम्बन्ध जोड्न सहयोग पुऱ्याएकोले अभियानका खटिने, सहभागी हुने र सहयोग गर्ने सबैलाई धन्यवाद समेत दिएको छ ।

एमाले बैठकले ७० बर्ष कटेका जेष्ठ सदस्यको लेबि निशुल्क गर्ने समेत निर्णय गरेको छ । बैठकले यहि जेठ भित्र सबै विभाग र जनवर्गिय संगठनको बैठक आयोजना गर्ने, जेठ १६ गते लमजुङबाट विभिन्न जनवर्गिय संगठनमा केन्िय सदस्य रहनु भएकाहरूसँग बैठकको आयोजना गर्ने र पार्टी सदस्यता ब्यस्थापनका लागि ८ वटा कार्यदल गठन गर्ने लगायतका निर्णय गरेको छ ।

बैठकले पार्टी सदस्यता ब्यबस्थापन लागि बेसीशहरको संयोजकमा यशोदा रिमाल, दोर्दीमा शुभाष पौडेल, सुन्दरबजारमा लोकराज पाण्डे, मध्यनेपालमा जनकराज मिश्र, क्व्होलासोंथरमा कृष्णप्रसाद अधिकारी, मर्स्याङ्दीमा जितबहादुर गुरूङ, दुधपोखरीमा राजेन्द्र बोहरा र राईनासका लागि जिबराज घलेको संयोजकत्वमा कार्यदल गठन गरिएको छ ।

नेकपा एमाले लमजुङका अध्यक्ष कृष्णप्रसाद अधिकारीको अध्यक्षतामा बसेको आठौ पूर्ण बैठकलाई नेकपा एमालेका केन्द्रीय सदस्य एवं लमजुङ ईन्चार्ज मायानाथ अधिकारी, केन्द्रीय सदस्य तथा जिल्ला सह-ईन्चार्ज जमीन्द्रमान घले, प्रदेश कमिटीका सचिव धनञ्जय दवाडीले मार्ग निर्देशन गरेका थिए भने बैठकको संचालन सचिव शुभाष पौडेलले गरेको प्रचार तथा प्रकाशन विभाग प्रमुख कृष्ण केसीले जानकारी दिए ।




## बेसीशहरमा ....

आचार्य तथा बेसीशहर नगरपालिकाका मेयर गुमानसिंह अर्यालले उक्त बैंकको सेवाको शुभारम्भ गरेका छन् ।

बैंकको शाखा उद्घाटन कार्यक्रममा बोल्दै वरीष्ठ कलाकार एवं उक्त बैंकका ब्राण्ड एम्बेसडर मदनकृष्ण श्रेष्ठ र हरिबंश आचार्यले लमजुङको पूर्वाधार विकासमा सानिमा बैंकको सहयोग रहने विश्वास ब्यक्त गरे । उनीहरूले बैंकले जलविद्युतको क्षेत्रमा ठूलो लगानी गरेको भन्दै बेसीशहरमा शाखा खुलेपछि लमजुङे जनतालाई राम्रो सेवा र सहुलियत ऋणको व्यवस्था हुने बताए ।

कार्यक्रममा बेसीशहर नगरपालिकाका मेयर गुमानसिंह अर्यालले बैंकहरु नाफामुखी मात्रै नभइ सेवामुखी पनि हुनुपर्नेमा जोड दिए । उनले ब्यक्तिलाइ मात्र ऋण प्रवाह नगरी समाजलाई समेत प्रभावित पार्ने खालको कार्यक्रमहरू ल्याउन आग्रह गरे ।

उद्घाटन कार्यक्रममा बैंकका डेपुटि सिईओ पवनकुमार आचार्यले बैंकको सेवासम्बन्धी जानकारी गर ाएका थिए । लमजुङका ५ वटा जलविद्युत आयोजनाहरूमा बैंकले ८५ करोड लगानी गरेको जानकारी दिंदै उनले योजना हेरेर बैंकले ऋण प्रवाह गर्ने जानकारी दिए ।

उद्घाटन कार्यक्रममा लमजुङका राजनीतिक दलका प्रतिनिधि, सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख, वित्तीय संस्थाका प्रवन्धक एवं स्थानीयहरूको उपस्थिति थियो ।

# राईनासः पूर्ण खोप सुनिश्चित पालिका घोषणा

बेसीशहर । राइनास नगरपालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ । खोप लगाउने उमेर समूहका सवै बालवालिकाले पूर्ण खोप पाएको र आगामी दिनमा पनि बालवालिका खोपबाट वञ्चित नहुने प्रतिवद्धता ब्यक्त गर्दै शुक्रबार नगरपालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको हो ।

स्वास्थ्यकर्मीको प्रत्यक्ष संलग्नतामा घरधुरी सर्वेक्षण गरी प्रत्येक वडाबाट प्राप्त प्रतिवेदनको आधारमा नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कायम गर्ने प्रतिवद्धतासहित घोषणा गरिएको नगरपालिका स्वास्थ्य शाखाले जनाएको छ ।

कार्यक्रममा मन्तब्य राख्दै नगरपालिका प्रमुख खड्गबहादुर गुरूङले खोप पाउनु हरेक बालबालिकाको नैसर्गीक अधिकार भएको र उनीहरूलाई खोप दिलाउनु सवैको दायित्व रहेको बताए ।

स्वास्थ्य शाखा संयोजक लक्ष्मीप्रसाद सेढाइँका अनुसार पालिकाभित्रका १५ देखि ५९ महिनाका ७ सय २३ जना बालबालिका सवैले सवै खोपको मात्रा पूरा पाएका छन् । जन्मेदेखि १५ महिनाका २ सय ४१ जना बालबालिकाले नियमित रूपमा खोप लगाइरहेका छन् ।

सामाजिक विकास समितिका संयोजक बलराम पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा नगरपालिका उपप्रमुख पुष्पराज खनाल, प्रमुख प्रशासकीय अधिकृत गोकर्णराज सुयल, वडा अध्यक्षहरू, सदस्यहरू, स्वस्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी, खोप लगाउने उमेर समूहका बालवालिकाकाका अभिभावक लगायतको उपस्थिति थियो ।

नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणासंगै कार्यक्रमका सहभागीले आगामी दिनमा कुनै अवस्था वा परिस्थितिमा कुनै पनि बालवालिका खोपबाट वञ्चित नहुने भनी पूर्ण खोप सुनिश्चता तथा दिगोपना कायमका लागि प्रतिवद्धता सहित ब्यानरमा हस्ताक्षर गरिएका छन् ।

यही जेठ ९ गते बेसीशहरमा हुने भ्रष्टाचार विरोधी अभियानमा सरिक बनौं। भ्रष्टाचारीलाई कडा कारबाही दिलाउन दबाब सृजना गरौं ।
**नागरिक समाज, लमजुङ**

# सुन्दरबजार नगर पूर्ण खोप सुनिश्चित घोषित

बेसीशहर । सुन्दरवजार नगर पालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ ।

पालिकाभित्रका खोप लगाउने उमेर समूहका सवै बालवालिकाले पूर्ण खोप लगाएसंगै नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको हो ।

नगरपालिकामा बुधबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै नगरपालिकाका प्रमुख कृष्णप्रसाद कोइरालाले खोप सम्बन्धि विभिन्न नीति तथा रणनीतिहरू तर्जुमा गरी बालबालिकालाई खोप दिलाउने कार्यलाई थप प्रभावकारी बनाइने बताए । उनले आगामी दिनमा पनि कुनै पनि बालवालिका खोपबाट वञ्चित हुन नदिने प्रतिवद्धता ब्यक्त गरे।

नगरपालिका स्वास्थ्य शाखाका अनुसार स्वास्थ्यकर्मीको प्रत्यक्ष संलग्नतामा घरधुरी सर्वेक्षण गरी प्रत्येक वडाबाट प्राप्त प्रतिवेदनको आधारमा नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कायम प्रतिवद्धता घोषणा गरिएको हो । बैशाख २४ गतेदेखि ३१ गतेसम्म सम्पूर्ण वडालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषण गरेपछि पालिकालाई घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख परमेश्वर पियाले जानकारी दिए । उनका अनुसार पालिकाभित्रका १६ देखि ५९ महिनाका १ हजार १ सय १४ जना बालबालिकाले सवै खोपको पूरा मात्रा पाएका छन् । जन्मेदेखि १५ महिनाका ४ सय ५४ जना बालबालिकाले नियमित रूपमा खोप लगाइरहेका छन् ।

घोषणा कार्यक्रममा स्वास्थ्य कार्यालय लमजुङका निमित्त कार्यालय प्रमुख यमराज बराल, नगर पालिकाका उपप्रमुख भवानी केसी, प्रमुख प्रशासकीय अधिकृत शिशिर पौडेललगायतले मन्तब्य राख्नुभएको थियो ।

नगरपालिकाका प्रमुख कृष्णप्रसाद कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा वडा अध्यक्षलगायत जनप्रतिनिधि, स्वास्थ्य स्वयंसेविका, खोप लगाउने उमेर समूहका बालवालिकाका अभिभावकलगायतको उपस्थिति थियो ।

नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणासँगै कार्यक्रमका सहभागीले आगामी दिनमा कुनै अवस्था वा परिस्थितिमा कुनै पनि बालवालिका खोपबाट वञ्चित नहुने भनी पूर्णखोप सुनिश्चता तथा दिगोपना कायमका लागि प्रतिवद्धता सहित हस्ताक्षर गरेका छन् । योसँगै लमजुङका ८ वटै स्थानीय तह पूर्ण खोप सुनिश्चित बनेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

**लमजुङ आवाज मा लेख रचना पठाउनु परेमा**
lmjaawaj@gmail.com
milanshar@gmail.com
मा इमेल गर्न नभुल्नु होला ।

## बेसीशहरमा सानिमा बैंक



बेसीशहर । सानीमा बैंकले लमजुङको सदरमुकाम बेसीशहरमा १३१ औं शाखाको रुपमा आफ्नो सेवा शुरू गरेको छ ।

सोमवार एक कार्यक्रमका बिच सानीमा बैंकका ब्राण्ड एम्बेसडर नेपाली कलाकारिताका दुइ हस्ती मदनकृष्ण श्रेष्ठ र हरिवंश(बाँकी पृष्ठ ५ मा)

### बसीबियाँलो........ऋषि श्रेष्ठ




# आज बेसीशहरमा भ्रष्टाचार विरोधी र्‍याली र सभा हुने



बेसीशहर । नक्कली भुटानी शरणार्थी प्रकरण उत्कर्षमा पुगेका बेला लमजुङमा भ्रष्टाचार विरोधी अभियान सञ्चालन हुने भएको छ । भ्रष्टचार विरोधी नागरिक अभियानका नाउँमा सो र्‍याली तथा सभाको आयोजना गरिएको सोमवार पत्रकार भेटघाटमा जानकारी गराइएको हो ।

पत्रकार भेटघाट कार्यक्रममा नागरिक समाजका अगुवा बालकृष्ण बरालले भ्रष्टचार निर्मूल भए मात्र देशको समुन्नत विकास हुने भन्दै नक्ककली भुटानी शरणार्थी प्रकरणले देशको इज्जतमा दाग लागेको बताए । सो प्रकरणमा देशका पूर्व उपप्रधानमन्त्री, गुहमन्त्री, सचिव, लगायतका नेता मुछिनुले भ्रष्टचार कतिसम्म भ्याङगिएको रहेछ भन्ने पुष्टि भएको उनको भनाइ थियो । भ्रष्टचार विरूद्ध अव नागरिक समाजले खवरदारी र सचेतनामुलक कार्यक्रम गर्नुपर्ने उनको भनाइ थियो ।

भ्रष्टचार विरोधी नगरिक अभियानले जरी गरेको विज्ञप्तिमा भनिएको छ, 'नेपाली जनताले २००७ सालदेखि अहिलेसम्म पटक पटक राजनीतिक परिवर्तनको लागि ठूला ठूला जनआन्दोलनहरु र सशस्त्र जनयुद्ध समेत गरे । कुनै पनि राजनीतिक परिवर्तनले देशमा प्रजातन्त्रलाई सुदृढ गर्न पनि सकेन र आर्थिक र सांस्कृतिक परिवर्तनको आभाष जनतालाई दिन सकेन ।

पटक पटक जनताले प्राणको आहुती दिए तर जनताले गरेको जन आन्दोलनको परिणाम प्राप्त हुन सकेन । राजनीतिक दलका मुठ्ठीभर नेता र उनिहरूकै आसेपासेहरु, आफन्तहरूले मात्र आर्थिक उन्नतीका अवसरहरु प्राप्त गरे । यसले राजनीतिक दल र नेताहरुप्रति जनताको चरम वितृष्णा र निरासा देखिएको निकै लामो समय भयो । पद पाएर कहिल्यै नअघाउने हाम्रा विभिन्न पार्टीका नेताहरुले पार्टी भित्र र सरकारका शीर्ष पदहरु ओगटेर बसिरहने जुन प्रवृती देखाइरहेका छन् । त्यसले जनतामा आशंका सृजना भएकै थियो फलस्वरूप पार्टी भित्र र सरकारमा पनि यदाकदा सानातिना वि्रोहहरु देखा पर्न थालेका थिए । अहिले आएर नक्कली भुटानी शरणार्थी सम्बन्धि भ्रष्टाचार एवं सांगठनिक अपराधको पर्दाफास भएसंगै राजनीतिक दलका नेताहरु सपरिवार नाङ्गै देखापरिरहेका छन् ।'

त्यस्तै, सो विज्ञप्तिमा 'नेपालीलाई भुटानी बनाउने त्यो पनि नेपाल भित्रै शरणार्थी भुटानी बनाएर लाखौं लाख रूपैंया अशुलेको र अमेरिका पठाइदिने आश्वासन दिएर नेपाली जनतालाई बेच्ने मानव बेचविखनको जघन्य अपराध गर्नेहरु राजनितिक दलका शिर्ष नेताहरू र गृह मन्त्रालयका शिर्ष कर्मचारी लगायत अन्य उच्च पदस्थ नेता तथा कर्मचारीहरु मात्र देखा परे । यस्तो जधन्य भ्रष्टाचारलाई नेपाल सरकारले कार्वाहीको लागि (बाँकी पृष्ठ ४ मा)


## लोकतन्त्रको उपलब्धिको रक्षा गरौं

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

यी लोकतन्त्रका विशेषता हुन, यिनको अवलम्बन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड